नेपाल सरकार

शिक्षातथाखेलकुदमन्त्रालय

शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

कपिलवस्तु

प.सं. ०८२/८३

च.नं. ८८६

मिति: २०८३।०३।२९

**विषय: शिक्षक सरुवा विज्ञापन सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयहरु सबै,

कपिलवस्तु।

प्रस्तुत विषयमा शिक्षा (दशौं संशोधन) नियमावली २०८३ को नियम ९९ मा उल्लेखित शिक्षक सरुवा सम्बन्धी व्यवस्था अन्तर्गत विद्यालयले शिक्षक सरुवा सम्बन्धी विज्ञापन सूचना आव्हान गर्दा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

<u>तपसिल</u>

१. रिक्त शिक्षक पदको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने र पद रिक्त भएको मितिले ७ दिन भित्र सम्बन्धित स्थानीय तहलाई लिखित रुपमा जानकारी दिने।

२. नियमावलीको नियम ९१ अनुसार प्राथमिक तहको शिक्षक दरबन्दिमा महिला शिक्षक कार्यरत नरहेको वा तोकिएको भन्दा कम सङ्ख्यामा कार्यरत रहेको भए महिला शिक्षकबाटै सरुवा गर्नेगरी विज्ञापन सूचनामा स्पष्ट खुलाउने।

३. रिक्त पद खुला प्रतियोगिता वा बढुवाद्वारा पद पूर्तिको लागि लेखी पठाइएको हो होईन यकिन गर्ने।

४. जुन श्रेणीको शिक्षक अवकास वा सरुवा भई पद रिक्त भएको हो सोही श्रेणी वा सो भन्दा तल्लो श्रेणीको शिक्षक मात्र उम्मेदवार हुन सक्नेगरी विज्ञापन गर्ने तर विशेष बढुवा भएको शिक्षक पद रिक्त भएको भए सो पदलाई तृतीय श्रेणीकै पद मानिनेछ।

५. विद्यालयले सरुवा सम्बन्धि विज्ञापन सूचना प्रकाशन गर्दा उल्लेखित बुँदा नं. २, ३ र ४ का सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइबाट अनिवार्य रुपमा यकिन गराएर मात्र गर्ने।

६. सरुवा सम्बन्धि विज्ञापन सूचना प्रकाशन गर्ने विद्यालयमा शिक्षा (दशौं संशोधन) नियमावली २०८३ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन भएको हुनुपर्नेछ।

२०८३।०३।२९

माधव वन्जाडे

(उपसचिव)

इकाइ प्रमुख

<u>बोधार्थ</u>

स्थानीय तहहरु सबै, कपिलवस्तु: आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन।